

## राजनीतिमा आशा भत्किँदा देखिने अशुभ संकेतहरू

✍ ओमप्रकाश गौतम

३


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक


# पूर्वसन्देश


PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com








❑ वर्ष-२१ ❑ अंक - १६८ ❑ २०८३ असार १२ गते शुक्रबार ❑ Friday, 26 June, 2026 ❑ मूल्य ७ /-


# झापामा मानव-वन्यजन्तु द्वन्द्व बढ्दै

## वातावरणीय सन्तुलनका लागि वृक्षरोपण अभियान चलाइँने

✍ बिमल लामिछाने

**दमक/** वन क्षेत्रको विस्तार, वन्यजन्तुको बासस्थान संरक्षण, वातावरणीय सन्तुलन र मानव-वन्यजन्तु द्वन्द्वको दिगो व्यवस्थापनका लागि झापामा वृक्षरोपण अभियान चालिने भएको छ ।

पूर्वी तराईको सुगम र द्रुत गतिमा विकास भइरहेको जिल्ला झापा यतिबेला तीव्र जनसत्या वृद्धि, अव्यवस्थित बसाइँसराइ र यसबाट सिर्जित वातावरणीय असन्तुलनको गम्भीर चपेटामा परेको भन्दै यो अभियान सञ्चालन गर्न लागिएको हो ।

कुल एक हजार ६०६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो जिल्ला पूर्वी तराईकै सबैभन्दा बढी जनघनत्व भएको क्षेत्र हो । तर, वातावरणीय सन्तुलनका लागि अत्यावश्यक मानिने वन क्षेत्र भने यहाँ निराशाजनक अवस्थामा छ । झापामा हाल कुल भूभागको जम्मा ११ दशमलव २४ प्रतिशत अर्थात् १८ हजार ६५ हेक्टर मात्र वन क्षेत्र बाँकी छ, जुन राष्ट्रिय औसत भन्दा निकै कम हो ।

नेपाल सरकारले सन् २०३० सम्ममा वन विनाशलाई शून्यमा झार्ने र देशको कुल वन क्षेत्रलाई ५० प्रतिशत पुर्‍याउने महत्वाकांक्षी लक्ष्य लिएको छ । हाल देशको औसत वन क्षेत्र ४६ प्रतिशत नाघिसकेको अवस्थामा झापाको यो न्यून उपस्थिति र तीव्र शहरीकरणले राष्ट्रिय लक्ष्य प्राप्तिमा ठूलो चुनौती खडा गरिदिएको छ । आन्तरिक बसाइँसराइका कारण बढेको मानवीय चापले वन क्षेत्रमाथि निरन्तर दबाब बढाउँदा वन्यजन्तुको प्राकृतिक बासस्थान खुम्चिँदै गएको छ, जसको प्रत्यक्ष र दर्दनाक असर बढ्दो मानव-वन्यजन्तु द्वन्द्वमा प्रतिविम्बित भइरहेको छ ।

यही गम्भीर अवस्थालाई मध्यनजर गर्दै डिभिजन वन कार्यालय झापाले चालू आर्थिक वर्षमा वृक्षरोपणलाई उच्च प्राथमिकतामा राख्दै एउटा रणनीतिक योजना अघि बढाएको छ । मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने र जिल्लाको हरियाली विस्तार गर्ने दीर्घकालीन उद्देश्यका साथ यस वर्ष सामुदायिक वन उपभोक्ता समूहहरूसँगको सहकार्यमा करिब ५० हेक्टर खाली जमिनमा व्यापक रूपमा बिरूवा रोप्ने तयारी गरिएको छ ।

यस अभियानलाई व्यवस्थित बनाउन वन कार्यालयले विभिन्न कार्यक्रम अन्तर्गत कार्यविभाजन गरेको छ । जस अनुसार राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रमअन्तर्गत १५ हेक्टर क्षेत्रमा तारबारसहित सुरक्षित वृक्षरोपण गरिनेछ भने वनको गुणस्तर सुधार्नका लागि २० हेक्टरमा नमूना वृक्षरोपण गरिनेछ । यसैगरी, प्रदेश सरकारको वन विकास तथा जडीबुटी प्रवर्द्धन कार्यक्रम र कृषि वन प्रवर्द्धन कार्यक्रममार्फत चार-चार हेक्टर क्षेत्रमा वृक्षरोपण गरीने छ ।

वृक्षरोपण कार्यक्रमलाई प्राविधिक रूपमा प्रभावकारी र आत्मनिर्भर बनाउन जिल्लाका पाँच रणनीतिक स्थानहरूमा नर्सरीहरु सञ्चालनमा ल्याइएका छन् । डिभिजन वन कार्यालय चन्[illegible]गढी, मेची बहुवन उपडिभिजन, जलथल, दमक उपडिभिजन झिलझिले तथा कन्काई उपडिभिजन सुरूङ्गास्थित नर्सरीहरूमा विभिन्न प्रजातिका करिब दुई लाख बिरूवाहरु उत्पादन गरिसकिएको छ । हरियाली बढाउने मात्र नभई स्थानीयको जीविकोपार्जन र वन्यजन्तु व्यवस्थापनलाई समेत सँगै लैजान वन कार्यालयले यस वर्ष करिब १० लाख रूपैयाँ बराबरका बाँसका बिरूवा र त्यति नै मूल्य बराबरका फलफूलका बिरूवा खरिद गरी सर्वसाधारणलाई निःशुल्क वितरण गर्ने विशेष तयारी गरेको छ ।

यो अभियानको सबैभन्दा सबल पक्ष वन्यजन्तुको स्वभाव र स्थानीयको आर्थिक आवश्यकतालाई परिपूर्ति गर्ने गरी गरिएको प्रजाति छनोट हो । विशेषगरी जंगली हात्तीको मुख्य आउजाउ हुने र प्रभावित क्षेत्रहरूमा बाँसका बिरूवा रोप्न प्रोत्साहन गरिएको छ । यसले हात्तीका लागि वनभित्रै प्राकृतिक आहार र उपयुक्त आवरणको व्यवस्थापन गर्नेछ, जसले गर्दा तिनीहरु मानव बस्तीमा पस्ने जोखिम कम हुनेछ ।

भौगोलिक सीमा र तीव्र शहरीकरणका माझ यो ५० हेक्टरको अभियानलाई एउटा वार्षिक प्रशासनिक कार्यमा मात्र सीमित नराखी, झापाको समग्र पर्या-प्रणालीलाई बचाउने एउटा बृहत् र निरन्तर महाअभियानका रूपमा अघि बढाउनु आजको मुख्य आवश्यकता हो ।

## राष्ट्रपति पौडेलद्वारा विधेयक प्रमाणिकरण

**दमक/** राष्ट्रपति रामचन्द्र पौडेलले 'वैकल्पिक, विकास वित्त परिचालन विधेयक, २०८३' जारी गरेका छन् ।

नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम उनले उक्त विधेयक प्रमाणीकरण गरेका राष्ट्रपतिको कार्यालयले जनाएको छ । प्रतिनिधिसभाबाट पारित भएको उक्त विधेयक प्रमाणीकरणका निम्ति राष्ट्रपतिसमक्ष हालै पेस भएको थियो ।

## विष्णु पौडेल पक्राउबारे कारण देखाउ आदेश

**दमक/** एमाले उपाध्यक्ष विष्णु पौडेललाई गैरकानुनी रूपमा थुनामा राखिएको भन्दै सर्वोच्च अदालतमा दायर बन्दी प्रत्यक्षीकरणको रिटमा अदालतले कारण देखाउ आदेश जारी गरेको छ । पौडेलकी श्रीमती दोमाया पौडेलले बुधबार सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेकी थिइन् ।

सम्पत्ति शुद्धीकरण विभागले नियन्त्रणमा लिएका पौडेलको रिटमाथि बिहीबार न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासमा सुनुवाइ भएको हो । रिटमा राजनीतिक प्रतिशोध राखेर पक्राउ गरिएको भन्दै रिहाइको माग गरिएको छ ।

पौडेललाई सुर्खेतबाट नियन्त्रणमा लिइएको थियो । उनीमाथि सम्पत्ति शुद्धीकरणको अनुसन्धान भइरहेको छ । विशेष अदालतले ७ दिन म्याद थपेर अनुसन्धान गर्न अनुमति दिएको छ ।

## २६ जना लागूऔषध प्रयोगकर्ता पक्राउ

**दमक/** झापाबाट लागू औषध सेवनकर्ता तथा कारोवार गर्ने ३६ जनालाई प्रहरीले पक्राउ गरेको छ । बुधवार बिहान १० बजेदेखि साँझ ६ बजेसम्मको समयमा शंकास्पद अवस्थामा हिडडुल गर्ने लागू औषध सेवनकर्ताहरू २९ जना र लागु औषध खैरो हेरोईन प्लाष्टिक बाहेक १० ग्राम ११८ मिलिग्रामसहित ७ जनालाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय झापा, लागू औषध नियन्त्रण ब्यूरोको शाखा कार्यालय काँकरभिट्टा तथा मातहत कार्यालयबाट खटिएको 'स्वीप अप्रेशन' प्रहरी टोलीले झापा जिल्ला अन्तर्गत विभिन्न स्थानहरूमा स्वीप अप्रेशन गर्ने क्रममा उनीहरूलाई पक्राउ गरेको हो ।

लागू औषध सेवनकर्ताहरूलाई मनोपरामर्श सेवा प्रदान बाँकी ४ पेजमा ▸▸

## मोरङका वडाध्यक्ष सहित दुई पक्राउ

**रंगेली/** झुटो विवरणका आधार मा अङ्गीकृत नेपाली नागरिकताका लागि सिफारिस गरेको आरोपमा मोर ङको रंगेली नगरपालिका वडा नं. ५ का वडा अध्यक्षसहित दुई जना पक्राउ परेका छन् । बिहीबार पक्राउ पर्नेहरूमा रंगेली नगरपालिका वडा नं. ५ का ५५ वर्षीय वडा अध्यक्ष महानन्द मण्डल र सोही वडाका ४६ वर्षीय वडा सदस्य गणेश ऋषिदेव रहेका छन् ।

प्रहरीका अनुसार, रंगेली-५ बस्ने मनुवा कुमार महतोले अधनुनिया महतो आˆ नो आमा भएको दाबी गर्दै झुटो विवरण पेस गरेका थिए । सोही झुटो विवरणलाई आधार मानी वडा अध्यक्ष मण्डल र वडा बाँकी ४ पेजमा ▸▸

# रास्वपामा चुनाव र सहमति दुवै विकल्प खुल्ला

**दमक /** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम राष्ट्रिय महाधिवेशनमा पदाधिकारी चयनलाई लिएर नयाँ मोड देखिएको छ । एकातिर केन्द्रीय निर्वाचन आयोगले पदाधिकारी पदका लागि मनोनयन दर्तादेखि मतदान र मतपरिणाम घोषणा सम्मको विस्तृत कार्यतालिका सार्वजनिक गरेको छ भने अर्कोतर्फ पार्टीभित्र भने पदाधिकारीहरु सर्वसम्मत रूपमा चयन गर्ने प्रयास तीव्र बनेको स्रोतको दावी छ ।

निर्वाचन आयोगले बिहीबार सार्वजनिक गरेको पाँचौं संशोधित कार्यतालिकाअनुसार साँझ ६:३० देखि ७ बजेसम्म पदाधिकारी पदका लागि मनोनयन दर्ता हुनेछ । उम्मेदवारहरूको अन्तिम नामावली राति ८:४५ बजे प्रकाशन गरिनेछ भने मतदान राति ९:१५ बजेदेखि सुरू हुने कार्यक्रम छ । मतगणना मध्यरातपछि हुने र अन्तिम परिणाम राति १:३० बजे सार्वजनिक गरिने आयोगले जनाएको छ ।

तर निर्वाचनको औपचारिक तालिका सार्वजनिक भए पनि पार्टी नेतृत्व भने सहमतिमै पदाधिकारी टुंग्याउने विकल्पमा केन्द्रित देखिएको छ । सभापति रवि लामिछाने यसअघि नै सर्वसम्मत रूपमा निर्वाचित भइसकेका छन् । वरिष्ठ नेता एवं प्रधानमन्त्री बालेन्द्र शाहको प्रस्तावमा परेको एकल उम्मेदवारीपछि लामिछाने मंगलबार नै निर्विरोध सभापति बनेका थिए ।

बिहीबार साझसम्ममा केन्द्रीय सदस्यको प्रारम्भिक मत परिणाम आएको छ । मतपरिणामअनुसार केन्द्रीय सदस्य खुलातर्फ डा. स्वर्णिम वाग्ले अग्रस्थानमा छन्। यसैगरी क्रमशः सोबिता गौतम, डा. तोशिमा कार्की, राजीव खत्री, रञ्जु दर्शना, मनिष झा, विपिनकुमार आचार्य, रमेश प्रसाईं, सागर ढकाल, शिशिर खनाल, इन्दिरा रानामगर, कविन्द्र बुर्लाकोटी, निशा डाँगी, हरि ढकाल, गणेश कार्की, पुकार बम र समीक्षा बास्कोटा, जगदीश खरेल, रिमा विश्वकर्मा र सुलभ खरेल यो समाचार तयार पर्दासम्म अगाडि बढेको स्रोतले बतायो ।

एक नेताका अनुसार नवनिर्वाचित केन्द्रीय सदस्यहरूको अन्तिम सूची सार्वजनिक भएपछि त्यसैका आधारमा पदाधिकारी टुंगो लगाइने छ । उपसभापति पदमा बाँकी ४ पेजमा ▸▸

## पूर्वी नाकामा सुरक्षा जाँच कडा

**झापा/** पूर्वी नाकामा सुरक्षा जाँच कडा गरिएको छ । चाँच कडा भएसँगै दैनिक रूपमा सीमा पार गर्ने कामदार, व्यापारी तथा सर्वसाधारणले लामो समय जाँच प्रक्रियामा खर्चिनुपरेको गुनासो गरेका छन् । नेपाल-भारत सीमाअन्तर्गत काँकरभिट्टा-पानीट्यांकी नाकामा भारतीय सुरक्षा निकायले पछिल्ला दिनमा यात्रु आवतजावतमा कडाइ गरेपछि सीमावर्ती क्षेत्रको जनजीवन र व्यवसाय प्रभावित हुन थालेको छ । स्थानीय व्यवसायी, यातायातकर्मी र बासिन्दाका अनुसार केही सातायता जाँच प्रक्रियामा उल्लेखनीय परिवर्तन देखिएको छ ।

स्थानीय स्रोतका अनुसार यसअघि परिचयपत्र देखाएर सहज रूपमा आवतजावत हुँदै आएको नाकामा अहिले यात्रुका झोला तथा सामान स्क्यानिङ गर्ने, लाममा उभ्याएर व्यक्तिगत जाँच गर्ने तथा पर्स र खल्तीसमेत निरीक्षण गर्ने कार्य नियमित गरिएको छ । सीमावर्ती क्षेत्रका बासिन्दाले भारतको तृणमूल कङ्ग्रेससँग आबद्ध नेता जहीर खान नेपालबाट पक्राउ परेपछि भारतीय पक्षले सुरक्षा सतर्कता बढाएको हुनसक्ने अनुमान गरेका छन् । यद्यपि, भारतीय सुरक्षा निकायले यस विषयमा कुनै औपचारिक प्रतिक्रिया दिएको छैन ।

पछिल्लो समय विद्युतीय रिक्सा सञ्चालनमा पनि प्रतिबन्धात्मक व्यवस्था लागू गरिएको छ । यसअघि मेची पुलको प्रारम्भिक क्षेत्रसम्म बाँकी ४ पेजमा ▸▸

# जीवन रक्षाको माग गर्दै बाहुनडाँगीबासी

**दमक/** बाहुनडाँगी क्षेत्रमा एक सातामा सयौं बिघा क्षेत्रफलमा लगाइएको सुपारी, मकै, चियालगायतका बाली हात्तीले नष्ट गर्दा किसानहरु आक्रोशित छन् । यतिमात्रै होइन घर-घरमा आएर हात्तीले मान्छे मार्न थालेपछि सरकारसँग जीवनरक्षाको माग गर्न थालेका छन् ।

मेचीनगर नगरपालिकाको वडा नं १, २, ३ र ४ स्थित बाहुनडाँगी क्षेत्रका बासिन्दाले जीवन रक्षाको माग गरेका छन् । प्रधानमन्त्री बालेन्द्र शाहलाई सम्बोधन गरिएको सामूहिक हस्ताक्षरसहितको ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारी शिवराम गेलाललाई हस्तान्तरण गरिएको हो । उक्त ज्ञापन पत्रमा ४ वटा वडाका १२ हजार बासिन्दाको हस्ताक्षर संकलन गरिएको छ ।

ज्ञापन पत्रमा भारतबाट दिनहुँ भित्रिने जङ्गली हात्तीको प्रवेशलाई बिनाशर्त रोक्नुपर्ने, मानव बस्तीमा प्रवेश गर्ने जंगली हात्तीलाई उसको वासस्थानतर्फ फर्काउन रबरको गोली प्रयोग गरिने पर्ने, मेची किनारदेखि कोशी टप्पुसम्मको प्रस्तावित हात्ती करिडर परियोजना खारेज गरिनुपर्ने र हात्तीको आतंकलाई जोडेर पर्यटन प्रवर्द्धनको कुनै पनि गतिविधि बन्द गरिनुपर्ने माग गरिएको छ ।

मानव हात्ती द्वन्द्व व्यवस्थापन तथा वातावरण संरक्षण मञ्चका अध्यक्ष हरिप्रसाद उप्रेतीले हात्तीको आक्रमणबाट जनधनको क्षति बढ्दै गएपछि नियन्त्रणका लागि प्रधानमन्त्रीको ध्यानाकृष्ट बाँकी ४ पेजमा ▸▸

## सप्तकोशीमा युवक मृत फेला

*__दमक/__ उदयपुर र सुनसरी जोड्ने सप्तकोशी पुलबाट नदीमा हाम फालेका एक युवक मृत अवस्थामा फेला परेका छन् । बुधबार बिहान सप्तकोशी नदीमा हाम फालेका धरान उपमहानगरपालिका-५ झरना चोक निवासी ४२ वर्षीय सरोज श्रेष्ठको शव साँझ नदीमा तैरिरहेको अवस्थामा भेटिएको हो ।*

*प्रहरीका अनुसार श्रेष्ठले बिहान करिब ८ बजे उदयपुरको बेलका नगरपालिका-८ कोठुस्थित सप्तकोशी पुलमा आफ्नो साइकल,* बाँकी ४ पेजमा ▸▸

# सात विपन्न परिवारलाई घर

**अर्जुनधारा/** जिल्लाको अर्जुनधारा नगरपालिका-१ का विपन्न तथा आवासविहीन सात परिवारलाई बुधबार घर प्रदान गरिएको छ । गरिबी निवारण कार्यक्रमअन्तर्गत अर्जुनधारा नगरपालिका र यहाँस्थित हचुमासा सामुदायिक वन उपभोक्ता समूहको संयुक्त लगानीमा घर निर्माण गरी विपन्न परिवारलाई प्रदान गरिएको हो ।

हचुमासा सामुदायिक वन उपभोक्ता समूहबाट रू १० लाख, अर्जुनधारा नगरपालिकाबाट रू १० लाख, जनसहभागिताबाट रू एक लाख तथा श्रमदानबापत रू दुई हजार ८५३ को लगानीमा घर निर्माण गरिएको छ । घरमा बरन्डासहित दुई वटा कोठा र भान्सा रहेका छन् ।

बुधबार यहाँ आयोजित एक कार्यक्रममा घर हस्तान्तरण गर्दै अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देनले विपन्न तथा आवासविहीन परिवारलाई सुरक्षित आवास उपलब्ध गराउने उद्देश्यले योजना कार्यान्वयनमा ल्याइएको बताए ।

हचुमासा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष अमर राईले निर्धारित समयभित्र मापदण्ड अनुसारको घर निर्माण गरी लक्षित परिवारलाई हस्तान्तरण गरिएको बताए । गरिबी निवारण गर्ने उद्देश्यले वन समूहले नगरपालिकासँग सहकार्य गरेको उल्लेख गर्दै उनले आगामी दिनमा यस प्रकारका कार्यक्रमलाई निरन्तरता दिने बताए ।


**दमक नगरपालिका दमक झापाको**

**जनहितमा जारी सूचना**

**झाडापखाला, हैजा र डेंगुबाट बचौं**




- सधैं पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं ।
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई) मा ध्यान दिऔं ।
- बासी सढेगलेका खानेकुरा नखाऔं ।
- खानालाई छोपेर राखौं ।
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यान पुऱ्याऔं ।

*साथै* खुल्ला रुपमा दिसापिसाव नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र दिसापिसाव गरिसकेपछि साबुनपानीले मिचि मिचि हात धोऔं ।

**डेंगी रोगबाट बच्न :**

- आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएको हुँदा पानी जम्न नदिऔं ।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं ।
- जुनसुकै बेला सुत्दा झुलको प्रयोग गरौं ।
- पुरै शरिर ढाक्ने लुगा लगाऔं र सचेत रहौं ।



## सम्पादकीय

### दमकको बजेटमा कति सन्तुलन ?

दमक नगरपालिकाको हालै सम्पन्न १९ औं नगरसभामा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत १ अर्ब ५८ करोड ६९ लाख रूपैयाँको बजेटले नगरको विकास र सामाजिक रुपान्तरणका लागि स्पष्ट खाका कोर्ने प्रयास गरेको छ ।

नगर प्रमुख रामकुमार थापाको अध्यक्षतामा उपप्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक रेगिना भट्टराई प्रसाईले प्रस्तुत गरेको यो बजेटमा शिक्षा, स्वास्थ्य, पूर्वाधार र कृषिजस्ता आधारभूत क्षेत्रलाई प्राथमिकतामा राखिनु सकारात्मक पक्ष हो । तर, बजेटका महत्वाकांक्षी लक्ष्यहरुका बीच लेखा समितिले सार्वजनिक गरेको बेरूजुको पहाडले भने नगरको वित्तीय सुशासनमाथि गम्भीर प्रश्न चिह्न खडा गरेको छ ।

नगरपालिकाले प्रस्तुत गरेको बजेटको संरचना हेर्दा यसले चालु र पुंजीगत खर्च बीच तुलनात्मक रुपमा सन्तुलन मिलाउन खोजेको देखिन्छ । यातायात पूर्वाधार विकासका लागि विनियोजित ५५ करोड १७ लाख रूपैयाँ र अधुरा तथा बहुवर्षीय आयोजनालाई सम्पन्न गर्ने लक्ष्यले नगरको भौतिक विकासलाई निरन्तरता दिने निश्चित छ । यसका साथै शिक्षा क्षेत्रमा ३२ करोड ३७ लाख ५५ हजार रूपैयाँ विनियोजन गरिनु र बालशिक्षिका तथा कर्मचारीको पारिश्रमिकमा १० प्रतिशत थप सुविधालाई निरन्तरता दिनु प्रशंसनीय कदम हो ।

कृषि क्षेत्रमा किसानको निराशा कम गर्न अनुदान र निःशुल्क सेवा कार्यक्रमसहित १ करोड ८८ लाख रूपैयाँ छुट्याइनुले स्थानीय उत्पादन वृद्धिलाई बल पुऱ्याउने देखिन्छ भने स्वास्थ्य र सामाजिक समावेशीकरणका बजेटले समाजका तल्लो तहका नागरिकलाई समेट्ने प्रयास गरेको छ । आन्तरिक आम्दानीबाट ४४ करोड ३८ लाख ५५ हजार रूपैयाँ संकलन गर्ने लक्ष्य राख्नुले नगरपालिका बिस्तारै आत्मनिर्भरतातर्फ उन्मुख हुन खोजेको संकेत गर्छ, जुन संघीयताको मर्मअनुरुप छ ।

बजेटका सकारात्मक पाटाहरुका बीच लेखा समिति संयोजक गोपाल कृष्ण संग्रौलाले प्रस्तुत गरेको प्रतिवेदनले दमक नगरपालिकाको आर्थिक पारदर्शितामा ठूलो धक्का दिएको छ । महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८१/८२ मा मात्रै ४ करोड १ लाख ७८ हजारभन्दा बढी बेरूजु देखिनु र कुल बेरूजुको आँकडा ३१ करोड ५२ लाख ५६ हजार रूपैयाँ पुग्नु सामान्य विषय होइन । ३१ करोडभन्दा बढीको बेरूजुले दमक नगरपालिकामा आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कति कमजोर छ भन्ने कुरालाई प्रष्ट पारेको छ ।

अब असार २२ गते बस्ने नगरसभाको बैठकले यी प्रतिवेदनहरु पारित गर्ने तयारी गरिरहँदा, दमक नगरपालिकाले बजेट कार्यान्वयनसँगै वित्तीय सुधारलाई मुख्य सर्त बनाउनुपर्छ ।

दमक नगरपालिकाले समृद्ध नगर निर्माणका लागि ल्याएको बजेट र नीतिहरु स्वागतयोग्य छन्, तर विकासको यात्रा वित्तीय अनुशासनको जगमा मात्र सुरक्षित हुन सक्छ । दमकले आफूलाई 'नमूना नगर' का रुपमा स्थापित गर्ने हो भने विकासका योजना बाँड्दै गर्दा आफ्नो आर्थिक खातालाई पनि सफा र बेरूजुरहित बनाउन ढिला गर्नु हुँदैन ।

## राजनीतिमा आशा भत्किँदा देखिने अशुभ संकेतहरू



ओमप्रकाश गौतम
omgautam2078@gmail.com

**राजनीतिमा गुटबन्दी, व्यक्तिवाद र शक्ति संघर्ष कुनै नयाँ विषय होइन । तर परिवर्तनको नारासहित उदाएका शक्तिहरुमा पनि यस्ता प्रवृत्तिहरु देखिन थाले भने जनतामा निराशा बढ्न सक्छ । जनताले पुराना गल्ती दोहोरिएको हेर्न चाहेका छैनन् । उनीहरुले परिणाम चाहेका छन्, जिम्मेवारी चाहेका छन् र उत्तरदायित्व खोजिरहेका छन् ।**

राजनीति केवल सत्ता प्राप्त गर्ने माध्यम होइन, यो जनताको आशा, विश्वास र भविष्यसँग गाँसिएको संवेदनशील विषय हो । जब जनताले राजनीतिप्रति राखेका आशा र अपेक्षाहरु क्रमशः भत्किन थाल्छन्, तब समाजमा असन्तुष्टि, निराशा र विद्रोहका संकेतहरु देखापर्न थाल्छन् । इतिहासले बारम्बार प्रमाणित गरेको सत्य यही हो कि जनविश्वास गुमेको राजनीति अन्ततः संकटतर्फ उन्मुख हुन्छ । आशाको मृत्यु भनेको केवल निराशा बढ्नु मात्र होइन, त्यो नयाँ राजनीतिक विकल्पको खोजी र परिवर्तनको चाहनाको जन्म पनि हो ।

नेपालको राजनीतिक इतिहासलाई हेर्ने हो भने हरेक परिवर्तनको पछाडि जनताको निराशा र असन्तुष्टिको ठूलो भूमिका रहेको देखिन्छ । २०४६ सालको जनआन्दोलन, २०६२/०६३ को आन्दोलन वा त्यसपछिका राजनीतिक परिवर्तन, विभिन्न क्षेत्रीय, जातीय, भौगोलिक हुँदै गत भदौको २३-२४ गतेको जेन-जी आन्दोलनहरु सबै जनताको आशा र अपेक्षासँग जोडिएका थिए र छन । ती आन्दोलनका बेला जन्मिएका बालबालिका आज परिपक्व नागरिक बनिसकेका छन् । उनीहरूले विगतका तीन दशकमा नेपालको राजनीतिक उतारचढाव नजिकबाट देखेका छन् । उनीहरूले लोकतन्त्रको स्थापना, गणतन्त्रको घोषणा, संविधान निर्माण, सत्ता परिवर्तनका अनेक शृंखला, भ्रष्टाचारका काण्ड, विकासका आश्वासन र ती आश्वासनहरूको विफलता सबै अनुभव गरेका छन् ।

त्यसैले आजको जेन-जी पुस्ता भावनामा मात्र बग्ने पुस्ता होइन । यो पुस्ता प्रश्न गर्न जान्दछ, मूल्यांकन गर्न जान्दछ र आफ्नो मत स्वतन्त्र रूपमा व्यक्त गर्न पनि सक्षम छ । पछिल्ला निर्वाचनहरूमा यही पुस्ताले पुराना राजनीतिक दलहरूप्रतिको निराशा व्यक्त गर्दै नयाँ विकल्पको पक्षमा मत दिएको देखियो । अझ उल्लेखनीय कुरा के छ भने, युवाहरु मात्र होइन, उनीहरुका अभिभावक तथा वृद्ध पुस्ताले समेत परिवर्तनको पक्षमा आफ्नो जनमत प्रयोग गरे । मतपेटिकाभित्र भएको त्यो मौन विद्रोह धेरै राजनीतिक दलहरूले समयमै बुझ्न सकेनन् ।

आज प्रश्न उठ्छ, किन यस्तो भयो ? किन लामो समयदेखि राजनीति गरिरहेका स्थापित दलहरुप्रति जनताको विश्वास कमजोर हुँदै गयो ? यसको उत्तर खोज्न गाह्रो छैन । जनताले बारम्बार अवसर दिए, तर अपेक्षित परिणाम पाएनन् । विकासका योजना भाषणमा सीमित भए । सुशासनको वाचा नारामा सीमित रह्यो । भ्रष्टाचार नियन्त्रणको प्रतिबद्धता व्यवहारमा रूपान्तरण हुन सकेन । परिणामस्वरूप जनताले नयाँ विकल्प खोज्न थाले ।

तर नयाँ शक्तिले जनताको विश्वास प्राप्त गर्नु मात्र पर्याप्त हुँदैन, त्यो विश्वास जोगाउन पनि उत्तिकै कठिन हुन्छ । इतिहासले देखाएको छ कि सत्तामा पुगेपछि धेरै दलहरु जनअपेक्षाबाट टाढा हुँदै गएका छन् । जनताको पीडा र समस्या बिर्सेर सत्ता, शक्ति र आन्तरिक स्वार्थमा अल्झिएका उदाहरणहरु प्रशस्त छन् । आज नयाँ शक्तिका रुपमा स्थापित भएका राजनीतिक दलहरूले पनि यही गल्ती दोहोऱ्याउने जोखिमबाट आफूलाई जोगाउन आवश्यक छ ।

राजनीतिमा गुटबन्दी, व्यक्तिवाद र शक्ति संघर्ष कुनै नयाँ विषय होइन । तर परिवर्तनको नारासहित उदाएका शक्तिहरूमा पनि यस्ता प्रवृत्तिहरु देखिन थाले भने जनतामा निराशा बढ्न सक्छ । जनताले पुराना गल्ती दोहोरिएको हेर्न चाहेका छैनन् । उनीहरूले परिणाम चाहेका छन्, जिम्मेवारी चाहेका छन् र उत्तरदायित्व खोजिरहेका छन् ।

राजनीतिक दलहरूले बुझ्नुपर्ने सबैभन्दा ठूलो कुरा के हो भने जनमत स्थायी हुँदैन । जनताले विश्वास गरे भने उचाइमा पुऱ्याउँछन्, विश्वास गुमे भने क्षणभरमै अस्वीकार गर्न सक्छन् । कुनै समय नेपाली कांग्रेस, एमाले र माओवादी अत्यन्त शक्तिशाली राजनीतिक शक्तिका रूपमा स्थापित थिए । तर समयसँगै उनीहरूको जनाधार किन खस्कियो ? यसको उत्तर उनीहरूले स्वयं खोज्न आवश्यक छ । सत्ता प्राप्तिपछि आएको आत्मसन्तुष्टि, जनतासँग बढेको दूरी, नेतृत्वको अहंकार र आत्मसमीक्षाको अभाव त्यसका प्रमुख कारणहरु हुन् ।

आज पनि राजनीतिक दलहरूबीच आरोप-प्रत्यारोप चलिरहेको छ । सामाजिक सञ्जालमा समर्थकहरु एकअर्काविरूद्ध उत्रिएका छन् । तर वास्तविक प्रश्न भने जनताको जीवनसँग सम्बन्धित छ । बेरोजगारी, महँगी, वैदेशिक पलायन, शिक्षा र स्वास्थ्यका चुनौती, कृषिको संकट तथा आर्थिक अस्थिरता जस्ता विषयहरु समाधान गर्नु नै राजनीतिका मुख्य प्राथमिकता हुनुपर्छ । जनताले फेसबुकका स्टाटस वा भाषणभन्दा आफ्नो जीवनमा आउने सकारात्मक परिवर्तनलाई बढी महत्व दिन्छन् ।

सामाजिक सञ्जालको प्रभाव बढेसँगै भ्रम र अफवाहको राजनीति पनि बढेको छ । विभिन्न माध्यमबाट झुटा सूचना फैलाउने, सन्त्रास सिर्जना गर्ने र जनमानसलाई भ्रमित पार्ने प्रयासहरु भइरहेका छन् । तर नेपाली जनता पहिलेभन्दा धेरै सचेत भएका छन् । उनीहरूले सूचना विश्लेषण गर्न सिकेका छन् । त्यसैले केवल प्रचारबाजीका भरमा लामो समयसम्म जनतालाई प्रभावमा राख्न सम्भव छैन ।

आज नेपालको राजनीति एउटा महत्वपूर्ण मोडमा उभिएको छ । पुराना राजनीतिक शक्तिहरु आफ्नो विगतको समीक्षा गर्न बाध्य छन् भने नयाँ शक्तिहरु आफ्नो भविष्यको परीक्षा दिइरहेका छन् । यस्तो अवस्थामा सत्ता पक्षले विजयको उन्मादमा बहकिनु हुँदैन र प्रतिपक्षले पनि केवल विरोधका लागि विरोध गर्ने प्रवृत्ति त्याग्नुपर्छ । लोकतन्त्रको सार सहकार्य, संवाद र उत्तरदायित्वमा निहित हुन्छ ।

देशको अर्थतन्त्रलाई मजबुत बनाउने, रोजगारी सिर्जना गर्ने, सुशासन कायम गर्ने र नागरिकको जीवनस्तर उकास्ने साझा लक्ष्यमा सबै राजनीतिक शक्तिहरु केन्द्रित हुन आवश्यक छ । यदि जनताको आशा र विश्वासलाई पुनः मजबुत बनाउन सकियो भने आज देखिएका अशुभ संकेतहरु अवसरमा रूपान्तरण हुन सक्छन् । तर यदि जनअपेक्षाको बेवास्ता गरियो भने यही असन्तुष्टि भोलिका दिनमा ठूलो राजनीतिक चुनौतीका रूपमा विस्फोट हुन सक्छ ।

## सामाजिक सञ्जालट

### शासकीय स्वरुपको विषयमा अरु दलसँग पनि छलफल भयो



सोविता गौतम
कानुन मन्त्री

कानुन मन्त्री एवं रास्वपा नेतृ सोविता गौतमले शासकीय स्वरूपका विषयमा रास्वपाले अघि सारेको प्रस्तावमाथि प्रारम्भिक रूपमा दलहरूसँग पनि छलफल भएको बताएकी छन् ।

गौतमले शासकीय स्वरूपका विषयमा रास्वपाको प्रस्ताव संविधान संशोधनसँग समेत जोडिएकाले व्यापक छलफलको आवश्यकता रहेको भन्दै प्रारम्भिक रूपमा दलहरूसँग पनि छलफल भएको बताएकी हुन् ।

रास्वपाले प्रदेशसभा खारेजी र प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीसहितको नयाँ शासकीय स्वरूपसहित प्रस्ताव अघि सारेको थियो । रास्वपाको पहिलो महाधिवेशन भएको कारणले सबै कुरालाई सिकाइको रूपमा मात्रै लिएर अगाडि बढ्न खोजेको उनको भनाइ छ ।

### 'इन्धनको मूल्य घट्दा पनि पुरानै मुल्यमा किन्नुपर्ने ?'



प्रदीप पौडेल
महामन्त्री, नेपाली कांग्रेस

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले इन्धनको मूल्य नघटाएको भन्दै सरकारप्रति आक्रोश पोखेका छन् ।

उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्- 'अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य उच्चतम बिन्दु ११७.६३ डलर प्रति ब्यारेलबाट घटेर ६९.२१ डलरमा आइपुग्दा करिब ३० प्रतिशतले भारी गिरावट आइसकेको देखिन्छ । यति ठुलो मात्रामा भाउ घटिसक्दा पनि नेपाली उपभोक्ताले भने अझै पुरानै महँगो दरमा इन्धन किन्नुपर्ने अवस्था रहनु निकै दुःखद छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य घट्दा त्यसको प्रत्यक्ष लाभ र राहत आम नागरिकले सहजै पाउनुपर्ने होइन र ?'

उनी थप लेख्छन्- 'मूल्य किन घटेन भन्ने जनगुनासोमा आयल निगमले हामीले कच्चा होइन, प्रशोधित तेल किन्ने भएकाले तुरून्तै मूल्य घट्दैन' भन्ने जस्ता बहाना देखाउने गरेको छ । कच्चा र प्रशोधित तेलको मूल्य समायोजनमा प्रशोधन खर्च र केही दिनको समय अन्तर अवश्य पर्छ । तर, कच्चा तेलको मूल्यमा आएको यति ठुलो गिरावटले प्रशोधित तेलको लागत पनि सोही अनुपातमा पक्कै घटाउँछ ।'

यतिका दिन बितिसक्दा पनि मूल्य घटिरहेको वास्तविक सूचनासमेत नदिई, तथ्य लुकाएर पुरानै प्राविधिक बहाना मात्र देखाउँदै मूल्य नघटाउँदा आम उपभोक्ता थप मारमा परेका छन् । यसले नेपाल सरकार र निगमभित्रको सुशासनको अभाव, चरम व्यवस्थापकीय कमजोरी र पारदर्शिताको कमीलाई छर्लङ्ग पारेको छ ।

नियमित १५-१५ दिनमा आउने नयाँ मूल्यसूची अनुसार स्वचालित मूल्य प्रणाली लागू गरी मूल्य बढाउने र घटाउने दुवै काम सहज रूपमा गर्नुपर्ने हो । भाउ बढ्ने बेलामा तुरून्तै लागू हुने, घट्ने बेलामा चाहिँ लागु नहुने । घाटा हुँदा उपभोक्ताले महँगो मूल्य तिरेर साथ दिने, अनि सस्तो हुँदा चाहिँ राहत नपाउने ?' पौडेलले लेखेका छन् । ०

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।



Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

खड्ग बहादुर खड्काको
कविता संग्रह
ज्वाला
विभिन्न पुस्तक पसलमा उपलब्ध छ । किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नहुन अनुरोध छ ।




सम्पर्क नम्बर : ९८४४६८०४९९

# इलामका ५३ चिया उद्योग खोल्ने सहमति



**इलाम /** बन्द रहेका इलामका ५३ चिया उद्योग खोल्ने सहमति भएको छ । भारतीय चिया बोर्डले लागू गरेको नयाँ मापदण्ड (एसओपी) का कारण चिया निर्यात ठप्प भएपछि बन्द भएका इलामको सूर्योदय नगरपालिकाका ५३ वटा चिया उद्योगहरु तीन बुँदे सहमति पश्चात् पुनः सञ्चालनमा आउने भएका छन् ।

नेपालमा वार्षिक करिब १५ हजार ६०० मेट्रिक टन चिया उत्पादन हुने गरेकोमा ८६ प्रतिशत हिस्सा भारत निर्यात हुने गर्दछ । नेपालका कुल २० हजार ६०२ हेक्टर जमिनमा चिया खेती गरिन्छ । जसमा १५ हजार बढी कृषक र करिब ६० हजार मजदुर आश्रित छन् ।

सूर्योदय नगरपालिकाको चिया समस्या समाधान समिति, स्थानीय जनप्रतिनिधि र सूर्योदय अर्थोडक्स टी प्रोड्युसर्स एसोसिएसनबीच भएको छलफलबाट उद्योग सञ्चालन गर्ने सहमति जुटेको हो ।

सहमतिकामा निर्यात सहज नहुन्जेल गोदाममा थन्किएको करिब १० लाख किलोग्राम चिया भण्डारण गर्न नगरपालिकाले व्यवस्थित भण्डार कक्षको व्यवस्थापन गर्ने, बजार सहज नहुन्जेल किसानको भुक्तानी उद्योगले केही समयका लागि थाती राख्ने र चियाको गुणस्तर सुधारका लागि विषादी पूर्ण रुपमा प्रतिबन्ध गरी नगरपालिका, उद्योगी र किसानको सहभागितामा सबै वडामा सचेतना कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ ।

भारतले मे १ देखि लागू गरेको नयाँ नियम अन्तर्गत प्रत्येक गाडीको अनिवार्य प्रयोगशाला परीक्षण गर्नुपर्ने, परीक्षण प्रतिवेदन आउन १५ दिन लाग्ने र प्रतिगाडी भारू ११ हजार ५०० शुल्क लाग्ने झन्झटिलो व्यवस्थाका कारण नेपाली चिया निर्यातमा ठूलो समस्या उत्पन्न भएको थियो। उद्योग बन्द भएपछि किसानले दैनिक ६० देखि ७० गाडी हरियो चिया झापाका सीटीसी उद्योगमा बेचिरहेका थिए ।

# इटहरीको बजेट २ अर्ब ५२ करोड बढी



**इटहरी /** सुनसरीको इटहरी उपमहानगरपालिकाले आर्थिक वर्ष २०८३/८४ का लागि २ अर्ब ५२ करोड २८ लाख ७० हजार रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ। उपप्रमुख संगीता कुमारी चौधरीले कुल बजेटको ठूलो हिस्सा पूँजीगत खर्चमा विनियोजन गरेको छ। चालु खर्चतर्फ ९४ करोड ८३ लाख ७० हजार रुपैयाँ (३७.५९ प्रतिशत), वित्तीय व्यवस्थापनका लागि १ करोड २४ लाख रुपैयाँ तथा १ अर्ब २९ करोड ४६ लाख रुपैयाँ पूँजीगत खर्चका लागि छुट्याइएको बताइन् । विषयगत तथा कार्यक्रमगत खर्चका लागि २६ करोड ७५ लाख रुपैयाँ विनियोजन गरिएको छ।

बजेटका लागि संघीय सरकारबाट समानीकरण अनुदान २८ करोड ७३ लाख रुपैयाँ, सशर्त अनुदानअन्तर्गत चालु खर्चका लागि ४९ करोड ७० लाख रुपैयाँ र पूँजीगत खर्चका लागि ४९ करोड १८ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ। संघीय विशेष अनुदान ५ करोड रुपैयाँ रहनेछ। प्रदेश सरकारबाट समानीकरण अनुदान २ करोड ७५ लाख ५० हजार रुपैयाँ, सशर्त अनुदान चालुतर्फ १ करोड ३७ लाख ७० हजार रुपैयाँ र पूँजीगततर्फ ३ करोड २३ लाख रुपैयाँ प्राप्त हुने अपेक्षा गरिएको छ। राजस्व बाँडफाँटबाट संघीय सरकारबाट १९ करोड ९८ लाख ५७ हजार रुपैयाँ र प्रदेश सरकारबाट सवारी कर वापत २ करोड २२ लाख ५३ हजार रुपैयाँ आउने अनुमान छ।

स्थानीय स्रोतबाट मालपोत तथा अन्य बाँडफाँटमार्फत २५ करोड रुपैयाँ र आन्तरिक राजस्वबाट ५६ करोड ३० लाख ४० हजार रुपैयाँ संकलन गर्ने लक्ष्य राखिएको छ। नगर विकास कोषबाट ८ करोड ८० लाख रुपैयाँ ऋण लिने प्रस्ताव पनि बजेटमा समावेश गरिएको छ।

## सामान्य ज्ञान



**१, नामको पछाडि सर्वप्रथम शम्शेर लेख्ने कुन राणा प्रधानमन्त्री हुन् ?**
*(क) धीरशम्शेर (ख) वीरशम्शेर*
*(ग) देवशम्शेर (घ) चन्द्रशम्शेर*

**२, जुडशीतल पर्व नेपालको कुन स्थानमा मनाउने गरिन्छ ?**
*(क) तराई (ख) काठमाडौं उपत्यका*
*(ग) पहाडी भूभाग (घ) हिमाली क्षेत्र*

**३, पोखरा - भैरहवा राजमार्गलाई के भनिन्छ ?**
*(क) पृथिवी राजमार्ग (ख) महेन्द्र राजमार्ग*
*(ग) सिद्धार्थ राजमार्ग (घ) अरनिको राजमार्ग*

**४, चारवेदमा तलको कुन वेद पर्दैन ?**
*(क) सामवेद (ख) अथर्ववेद (ग) यजुर्वेद (घ) धनुर्वेद*

**५, महापुराणहरू कतिवटा छन् ?**
*(क) १६ वटा (ख) १७ वटा*
*(ग) १८ वटा (घ) १९ वटा*

**६, प्रशिद्ध तीर्थस्थल देवीघाट कुन जिल्लामा पर्छ ?**
*(क) नुवाकोट (ख) धादिङ*
*(ग) रसुवा (घ) सिन्धुपाल्चोक*

**७, हाल गण्डकी प्रदेशको मुख्यमन्त्री को हुनुहुन्छ ?**
*(क) कृष्णप्रसाद पोखरेल*
*(ख) कृष्णचन्द्र नेपाली पोखरेल*
*(ग) शङ्कर पोखरेल (घ) पृथिवी सुब्बा गुरुङ*

**८, महाभारतको युद्ध कति दिन भएको थियो ?**
*(क) १६ दिन (ख) १७ दिन (ग) १८ दिन (घ) १९ दिन*

**९, दुईपटक बजेट पास गर्ने देश कुन हो ?**
*(क) भारत (ख) चीन (ग) रुस (घ) फ्रान्स*

**उत्तरहरू : १ (ख) २ (क) ३ (ग) ४ (घ) ५ (ग), ६ (क) ७ (**

## स्वास्थ्य

# किन आउँछ पसिना ?



**दमक/** पसिना आउनु शरीरको प्राकृतिक शीतल प्रणाली हो । जब शरीरको तापक्रम बढ्छ, पसिना ग्रन्थीहरूले पसिना छोड्छन् । यो पसिनाले शरीरलाई शीतल बनाउँछ । पसिना आउनु धेरै कारकहरु हुन्छ । व्यायाम, तातो मौसम, तनाव र मसालेदार खानाका कारण पनि पसिना आउन सक्छ ।

अत्यधिक पसिनाले शरीरको तापक्रम नियन्त्रण गर्न मद्दत गर्छ, बोसो हटाउन होइन । त्यसकारण, बोसो घटाउन सबैलाई पसिना आउनु आवश्यक छैन । पसिनामा धेरैजसो पानी र इलेक्ट्रोलाइट्स हुन्छ । बोसो यसमा घुल्दैन । जब अत्यधिक पसिना बगाउनुहुन्छ, तपाईंको शरीरमा पानीको मात्रा घट्छ ।

पसिना शरीरलाई शितल राख्ने प्रकृतिक प्रक्रिया हो । पसिना आउनुले शरीरको बोसो छिटो पग्लिरहेको प्रमाणित गर्दैन । पसिना आउनु भनेको शरीरलाई शीतल पार्ने प्राकृतिक प्रक्रिया मात्र हो । जब तपाईं उचित आहार खानुहुन्छ, नियमित व्यायाम गर्नुहुन्छ र स्वस्थ जीवनशैली अपनाएर लामो समयसम्म शरीरलाई क्यालोरीको कमी बनाइराख्नु हुन्छ तब वास्तविक बोसो पग्लिन्छ । त्यसैले पसिनाको मात्रामा होइन, आफ्नो फिटनेस र निरन्तर असल बानीहरुमा ध्यान केन्द्रित गर्नुहोस् ।


**धेरै पसिना आउनुको अर्थ के हो ?**

धेरै पसिना आउनुको अर्थ तपाईंले बढी बोसो जलाइरहनुभएको छ भन्ने होइन । केही मानिसहरुमा स्वाभाविक रुपमा पसिना आउँछ । अरुलाई कडा परिश्रम गर्दा मात्र पसिना बग्छ । पसिना आउनु सरिरको लागि राम्रो पक्ष हो । तर सफा भने गरिरहनुपर्छ । (सामाजिक सञ्जालको सहायतामा )

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## विश्वकप विशेष

# एक खेल अगावै सात राष्ट्र नकआउट चरणमा





**एजेन्सी/** फिफा विश्वकप २०२६ को समूह चरण अन्तर्गत दोस्रो चरणका खेलहरु समाप्त भएसँगै नकआउट (राउन्ड अफ ३२) को समीकरण रोमाञ्चक मोडमा पुगेको छ । ४८ टोली सहभागी यस ऐतिहासिक विश्वकपमा दुई खेलबाट स्पष्ट ६ अंक जोड्दै ७ वटा राष्ट्रले एक खेल अगावै नकआउट चरणमा स्थान पक्का गरेका छन् भने साविक विजेता अर्जेन्टिना र दुई आयोजक राष्ट्र अघिल्लो चरण प्रवेश गरिसकेका छन् ।

आयोजक देशहरु मेक्सिको र संयुक्त राज्य अमेरिका (यूएसए) ले लगातार दोस्रो जित दर्ता गर्दै घरेलु मैदानमा अन्तिम ३२ को टिकट काटेका हुन् । मेक्सिकोले समूह ए मा र अमेरिकाले समूह डी मा दबदबा कायम राखे । साविक विजेता अर्जेन्टिनाले लियोनेल मेस्सीको कप्तानीमा उत्कृष्ट प्रदर्शन गर्दै समूह जे बाट नकआउट यात्रा तय गर्‍यो । फ्रान्स, जर्मनी, नर्वे र कोलोम्बिया पनि लगातार दुई जितसहित अघिल्लो चरण प्रवेश गर्ने टोली बनेका छन् ।

यस पटकको विस्तारित ढाँचा अनुसार प्रत्येक समूहका शीर्ष दुई टोलीसँगै तेस्रो स्थान हासिल गर्ने उत्कृष्ट आठ टोली पनि नकआउट चरणमा पुग्ने प्रावधान छ ।

४ अंक जोडेका ब्राजिल, इङ्ल्यान्ड, पोर्चुगल, स्पेन, नेदरल्यान्ड्स र जापान जस्ता फुटबलका पावरहाउसहरु बलियो स्थितिमा रहे पनि गणितीय रुपमा ढुक्क हुन बाँकी छ । अर्कोतर्फ, केही पूर्व उपविजेता तथा बलिया टोलीहरु भने संकटमा परेका छन् । क्रोएसिया, बेल्जियम र दक्षिण अफ्रिका जस्ता टोलीहरूका लागि समूह चरणको अन्तिम खेल गर या मरकोको स्थितिमा पुगेको छ । लगातार दुई हार बेहोरेका हाइटी, टर्की र ट्युनिसिया भने समूह चरणको एक खेल बाँकी छँदै प्रतियोगिताबाट बाहिरिइसकेका छन् ।

समूह चरणका अन्तिम तथा निर्णायक खेलहरु आज रातिदेखस सुरू हुँदैछन् । खेलमा हुनसक्ने सम्भावित मिलेमतो र दाउपेच रोक्न फिफाको नियम अनुसार एउटै समूहका अन्तिम दुई खेलहरु एकै समयमा खेलाइनेछ । तेस्रो स्थानमा रहने टोलीहरूका लागि गोल अन्तर निर्णायक बन्ने हुँदा आगामी खेलहरु झन् प्रतिस्पर्धात्मक र रोचक हुने अपेक्षा गरिएको छ ।

## मनोरञ्जन

# संगितकार शम्भुजित बास्कोटासहित कलाकार पुरस्कृत हुँदै



**दमक/** आगामी आइतबार आयोजना हुन लागेको १३ औं 'म्युजिक खबर म्युजिक अवार्ड' को सम्मान तथा पुरस्कार घोषणा भएको छ । आयोजक म्युजिक खबर डट कमले एक विज्ञप्ति जारी गर्दै पुरस्कार तथा सम्मान घोषणा गरेको हो ।

विज्ञप्तिका अनुसार अवार्ड समारोहमा प्रतिष्ठित संगितकार शम्भुजित बास्कोटालाई 'म्युजिक खबर दीर्घ साधना सम्मान-२०८२' अर्पण गरिनेछ । हजारौं गीतमा संगित भरेका दिग्गज संगितकार बास्कोटालाई गीत संगीतमा लामो समयदेखि पुर्‍याएको योगदानको कदर गर्दै यो सम्मान दिन लागिएको हो ।

कार्यक्रममा गीतकार उन्नति बोहरा शिला, गीतकार विजय शिवाकोटी, गायक शिव परियार, गायिका कालिका रोका, गीतकार पुरूषोत्तम सानु र सुशीला पौडेल, सञ्चारकर्मी कुवेर गिरी र गोपीकृष्ण चापागाईं लगायतलाई सम्मान गरिने अवार्डकी कार्यक्रमकी संयोजक सविता पोखरेलले जानकारी दिइन् ।

विगत १३ वर्षदेखि निरन्तर रुपमा आयोजना हुँदै आएको अवार्डको यो संस्करणमा राष्ट्रिय भावको गीत, पप गीत, लोकदोहोरी गीत, आधुनिक गीत, चलचित्र गीत लगायतका विविध ३३ विधामा विभिन्न स्रष्टा र सिर्जनाहरूलाई अवार्ड प्रदान गरिनेछ । विभिन्न सांगीतिक तामझाम सहित आयोजना हुने अवार्डमा संगीतप्रेमी माझ लोकप्रिय र प्रतिष्ठित अवार्ड मध्यको एक हो ।

## दैनिक राशिफल

आज मिति
२०८३ साल
असार १२ गते
शुक्रबार
26 June, 2026
तिथि: द्वादशी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | धन वा धातु संग्रह गर्न सकिएला। जटिल काम बन्नाले उत्साह । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | नोकरी वा पेशामा सहकर्मीहरु बाट सहयोग पाइनेछ। |
| मिथुन | का कि कु घ ङ छ के को हा | महत्वकांक्षी योजनाहरु सम्पादन गर्नमा पिताको सल्लाह लिनुहोस। |
| कर्कट | (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) | सेवामूलक कार्यक्षेत्रमा प्रगति हुनेछ। मनमा खुशी । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | पारिवारिक समस्यालाई पनि प्राथमिकता दिनुहोस्। |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | धर्म कर्मतर्फ रुचि बढ्नेछ। युवावर्गहरूले प्रेम प्रसंग चल्ने । |
| तुला | (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) | धार्मिक र सांस्कृतिक कार्यक्रमहरुमा सहभागी भइएला। |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | आर्थिक पक्ष सबल रहनेछ। आजको शुभ रंग रातो र शुभ अंक ६ रहनेछ। |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्यक्षेत्रमा सहयोगीहरूको भनेजस्तो सहयोग नमिल्ला। |
| मकर | भो जा जी खि खू खे खो गा गी | दाम्पत्य जीवनमा तालमेलको कमीले कार्यमा बाधा आउनेछ। |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | आत्मबलमा वृद्धि हुनेछ। आर्थिक दृष्टिकोणले समय लाभदायक छ। |
| मीन | दि दु थ झ ञ दे दो चा ची | साहित्य वा लेखन कलामा निखार ल्याउन सक्नुहुनेछ। |

# भद्रपुरको बजेट १ अर्ब ७ करोड बढी




**भद्रपुर/** भद्रपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि एक अर्ब ७ करोड ७९ लाख ५० हजार रूपैयाँको अनुमानित बजेट सार्वजनिक गरेको छ । चालु आर्थिक वर्षको तुलनामा बजेटको आकार उल्लेख्य रूपमा बढाइएको छ ।

नगरपालिकाको १८ औं नगरसभामा उपप्रमुख राधा कार्कीले बजेट प्रस्तुत गर्दै विभिन्न क्षेत्रको विकासलाई लक्षित गरी आय तथा व्ययको अनुमान सार्वजनिक गरिन् । चालु आर्थिक वर्ष २०८२/०८३ को बजेटभन्दा करिब २७ करोड रूपैयाँ बढीको बजेट प्रस्ताव गरिएको हो ।

प्रस्तावित बजेटका लागि संघीय राजस्व बाँडफाँडबाट १२ करोड ८० लाख रूपैयाँ, स्थानीय राजस्व बाँडफाँडबाट चार करोड रूपैयाँ, प्रदेश राजस्व बाँडफाँडबाट एक करोड १० लाख रूपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । त्यस्तै संघीय समानीकरण अनुदान १७ करोड ३५ लाख, संघीय सशर्त अनुदान ३० करोड तीन लाख, संघीय विशेष अनुदान दुई करोड ८४ लाख तथा विभिन्न शीर्षकका प्रदेश र संघीय अनुदानहरूलाई पनि स्रोतका रूपमा समावेश गरिएको छ । खर्चतर्फ सामाजिक विकास क्षेत्रलाई सबैभन्दा बढी प्राथमिकता दिइएको छ । शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, संस्कृति प्रवर्द्धन तथा सामाजिक समावेशीकरणका कार्यक्रमका लागि ३७ करोड ७५ लाख रूपैयाँभन्दा बढी विनियोजन गरिएको छ । पूर्वाधार विकासतर्फ सडक, पुल, सिँचाइ, भवन तथा सहरी विकासका योजनाका लागि २६ करोड नौ लाख रूपैयाँ छुट्याइएको छ ।

आर्थिक विकासअन्तर्गत कृषि, पर्यटन, उद्योग, वाणिज्य, सहकारी तथा वित्तीय क्षेत्रको प्रवर्द्धनका लागि तीन करोड रूपैयाँभन्दा बढी बजेट व्यवस्था गरिएको छ । वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा तीन करोड १४ लाख ७३ हजार रूपैयाँ विनियोजन गरिएको छ ।

संस्थागत क्षमता अभिवृद्धि, सेवा प्रवाह, सुशासन, सूचना व्यवस्थापन, राजस्व परिचालन तथा कर्मचारी व्यवस्थापनका कार्यक्रमका लागि २५ करोड ३० लाख रूपैयाँ छुट्याइएको छ । नगरपालिकाले वडास्तरका योजनालाई प्रभावकारी बनाउन वडागत बजेट सीमा पनि वृद्धि गरेको छ । वडाहरूका लागि कुल १२ करोड ५० लाख रूपैयाँ विनियोजन गरिएको छ ।

***जीवन रक्षाको....*** गराउन ज्ञापनपत्र बुझाइएको बताए ।

साबिक बाहुनडाँगी गाउँ विकास समितिका अध्यक्ष नीलकण्ठ तिवारी भारतबाट दिनहुँ निर्बाध प्रवेश गर्ने जंगली हात्तीको बथानलाई सीमाबाटै फर्काउने उपाय नखोजेसम्म मानवीय र बालीको क्षति नरोकिने बताउँछन् ।

प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले स्थानीयबासीले बुझाएको माग पत्र प्रधानमन्त्री कार्यालयमा पठाउने प्रतिबद्धता व्यक्त गर्दै जनधनको सुरक्षा र हात्ती नियन्त्रणका लागि सरकारको तर्फबाट प्रयास भइरहेको बताए ।

सीमा पार गरेर बाहुनडाँगी क्षेत्रमा एक महिनादेखि दिनहुँ ठुलो बथानमा जङ्गली हात्तीहरु भारतबाट नेपाल आउने गरेका छन् । एक साता अघि मेचीनगर-४ मा आँगनमा फूल टिपिरहेको अवस्थामा जंगली हात्तीले आक्रमण गर्दा ६२ वर्षीया पद्मा पौडेलको मृत्यु भएको थियो ।

डा. स्वर्णिम वाग्ले, समीक्षा बास्कोटा, लिमा अधिकारी, इन्दिरा राना मगर र प्रतिभा रावलको नाम चर्चामा छ भने महामन्त्रीका लागि कबिन्द्र बुर्लाकोटी, मनीष झा, विपिन आचार्य, दीपक बोहोरा र सोबिता गौतम आकांक्षी मानिएका छन् । तर सम्भावित सर्वसम्मतिका कारण अधिकांश आकांक्षीहरूले सक्रिय चुनावी अभियान चलाएका छैनन् ।

रास्वपाका महामन्त्री दाबेदार दीपक बोहोराले पनि पदाधिकारी चयनबारे सभापतिसँग परामर्श

***रास्वपा.......*** भइरहेको स्वीकार गरेका छन् । उनका अनुसार पार्टी नेतृत्वले समावेशी र सन्तुलित टोली निर्माण गर्ने विषयमा गृहकार्य गरिरहेको छ ।

महाधिवेशनमा निर्वाचन प्रक्रियामाथि केही असन्तुष्टि पनि देखिएको छ । नामावली व्यवस्थापन, उम्मेदवारहरूको क्रम र विद्युतीय मतदान प्रणालीबारे केही नेताहरूले प्रश्न उठाएका छन् । आशिका

## अब मौखिक अनुरोधमै बैंक खाता रोक्का हुने

**दमक/** कुनै कसुरको अनुसन्धान गर्ने वा कानून कार्यान्वयन गर्ने अधिकारीले इजाजतपत्रप्राप्त संस्थासँग विवरण माग गरेमा सोझै यथाशीघ्र उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्ने राष्ट्र बैंकले निर्देशन दिएको छ । नेपाल राष्ट्र बैंकले अब बैंक खाता मौखिक अनुरोधमै रोक्का हुने व्यवस्था गरेको छ । राष्ट्र बैंकले इजाजतपत्रप्राप्त 'क', 'ख', 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप गरि नयाँ नियम ल्याएको हो ।

संशोधित व्यवस्था अनुसार वित्तीय अपराधसँग सम्बन्धित शंकास्पद बैंक खाता अनुसन्धान अधिकारीको मौखिक आदेशका आधारमा पनि अल्पकालीन अवधिका लागि रोक्का गर्न सकिने भएको छ । 'इजाजतपत्रप्राप्त संस्थाले वित्तीय अपराध न्यूनीकरणका लागि आवश्यक समन्वय गर्न कुनै कसुरको अनुसन्धान गर्ने वा कानून कार्यान्वयन गर्ने अधिकारीको मौखिक/लिखित अनुरोधमा वित्तीय अपराधसँग सम्बन्धित बैंक खाता अल्पकालीन अवधिका लागि रोक्का राख्न २४-७ कार्य गर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ । त्यस्ता कार्यका लागि डेडिकेटेड कन्ट्र्याक नम्बर आफ्नो वेबसाइटमा राख्नुपर्नेछ', संशोधित व्यवस्थामा उल्लेख छ ।

***मोरङका....*** सदस्य ऋषिदेवले अङ्गीकृत नेपाली नागरिकताका लागि सर्जमिन सिफारिस गरिदिएका थिए । झुटो सिफारिस गरिएको तथ्य खुलेपछि जिल्ला प्रशासन कार्यालय मोरङले आवश्यक कारबाहीका लागि उनीहरूलाई जिल्ला प्रहरी कार्यालयमा पठाएको थियो । जिल्ला प्रहरी कार्यालय मोरङका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक (डीएसपी) मकेन्द्र कुमार मिश्रका अनुसार पक्राउ परेका दुवै जनामाथि जिल्ला प्रहरी कार्यालय मोरङबाट थप अनुसन्धान कार्य भइरहेको छ । प्रहरीले यस सम्बन्धमा अन्य प्रक्रियाहरु अगाडि बढाइएको जानकारी दिएको छ ।

***२६ जना.....*** गरी आवश्यकता अनुसार अभिभावकको जिम्मा लगाउने तथा पुनर्स्थापना केन्द्रमा पठाउने कार्य समेत भइरहेको प्रहरीले जनाएको छ ।

यसैगरी खैरो हेरोईनसहित अर्जुनधारा नगरपालिका-५ का ५०बर्षीय भरत मोहरा, कमल गाउँपालिक-७ का २७ बर्षीय सनम धिमाल र कमल-६ का २० बर्षीय प्रदिप दास, हल्दीबारी गाउँपालिका-३ का प्रितम तामाङ, बिर्तामोड नगरपालिका-३ का २० बर्षीय सुनिल पासवान र सोही स्थानका २१ बर्षीय उदय पासवान र ईलामको सुर्योदय नगरपालिका-११ का ४५ बर्षीय रनधिर प्रधान पक्राउ परेका छन् ।

उनीहरूका साथमा रहेका नगदसहित बिभिन्न सामाग्रीसहित नियन्त्रणमा लिएर थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

***सप्तकोशीमा......*** *चप्पल र मोबाइल फोन छाडेर नदीमा हाम फालेको प्रहरीको भनाइ छ । सशस्त्र प्रहरी बलको विपद् व्यवस्थापन बेस चतरा, सुरक्षा बेस रामपुर उदयपुर तथा नेपाल प्रहरीका गरी २४ जनाको टोलीले रबर बोटसहित कोशी पुल, कोशी कटान, बोराबाँध र सिसौलीघाट क्षेत्रमा खोजी अभियान सञ्चालन गरेको थियो ।*

*खोजतलासका क्रममा साँझ ६ बजे घटनास्थलबाट करिब १० किलोमिटर दक्षिण बेलका नगरपालिका-८ स्थित सिसौलीघाट पारिको कोशी नदीको बीच भागमा शव तैरिरहेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।*

अन्तर्राष्ट्रिय

## भेनेजुएलाको भूकम्पमा १६४ जनाको मृत्यु

**एजेन्सी/** भेनेजुएलामा लगातार दुई वटा शक्तिशाली भूकम्प जाँदा व्यापक जनधनको क्षति भएको छ । भूकम्पका कारण राजधानी काराकासका गगनचुम्बी भवन भत्किँदा कम्तीमा १६४ जनाको मृत्यु भएको छ भने झन्डै एक हजार व्यक्ति घाइते भएका छन् ।

विपद्का कारण देशमा ठुलो स□ट उत्पन्न भएपछि कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजले देशव्यापी रूपमा संकटकाल घोषणा गरे । भूकम्पबाट ठुलो भौतिक क्षति पुगेका कारण काराकासस्थित सिमोन बोलिभर अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण रूपमा बन्द गरिएको छ । बुधबार साँझ गएका ७.२ र ७.५ म्याग्निच्युडका यी भूकम्प भेनेजुएलामा एक शताब्दीभन्दा बढी समययताकै सबैभन्दा शक्तिशाली भएको बताइएको छ । यसको धक्का छिमेकी देशहरु ब्राजिल र कोलम्बियासम्म समेत महसुस गरिएको थियो ।

## श्रीलंकामा पूर्वमन्त्रीका छोरा पक्राउ

एजेन्सी/ श्रीलंकामा पूर्वन्यायमन्त्री विजयदास राजपक्षेका छोरा रकिथा राजपक्षेलाई चर्चित लागूऔषध तस्करलाई रिहा गराउन घुस लिएको आरोपमा पक्राउ गरिएको छ । भ्रष्टाचारविरूद्धको अभियान तीव्र भइरहेका बेला उच्च राजनीतिक पहुँच भएका व्यक्तिमाथि गरिएको पछिल्लो कारबाहीलाई महत्वपूर्ण रूपमा हेरिएको छ ।

श्रीलंकाको प्रमुख भ्रष्टाचार अनुसन्धान निकायले बिहीबार रकिथा राजपक्षेलाई हिरासतमा लिएको हो । उनीमाथि सन् २०२३ मा इन्टरपोलको सहयोगमा मेडागास्करबाट स्वदेश फिर्ता ल्याइएका लागूऔषध तस्करीका मुख्य संदिग्ध नादुन चिन्ताकालाई रिहा गराउन ठूलो रकमको घुसको लेनदेन गरेको आरोप लागेको छ । अधिकारीहरूका अनुसार उक्त रिहाइका लागि करिब ५० करोड श्रीलंकाली रूपैयाँ बराबरको घुस मागिएको थियो ।

## हल्दीबारीमा ५२ करोड ९० लाखवढीको बजेट

**भद्रपुर/** झापाको हल्दीबारी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ५२ करोड ९० लाख ५६ हजार रूपैयाँ बराबरको अनुमानित आय प्रस्तुत गरेको छ । निशुल्क खाने पानी निरन्तरता, लागत साझेदारी मा कृषि प्रविधि अनुदान ,निशुल्क शिक्षाको निरन्तरता,भौतिक पूर्वाधार विकास, रोजगारी सिर्जना, लागत साझेदारीमा विभिन्न गतिविधिहरु लगायत का कार्यक्रमहरूलाई प्राथमिकतामा राखेर बजेट तयार गरिएको छ ।

आन्तरिक आयतर्फ गाउँपालिकाले ७ करोड रूपैयाँ संकलन गर्ने लक्ष्य राखेको छ। यसमध्ये गाउँपालिकाबाट संकलन हुने आन्तरिक आय ४ करोड, मालपोत तथा रजिस्ट्रेसन शुल्कबाट २ करोड ७० लाख, बजार करबाट १० लाख र दहत्तर-बहत्तरबाट २० लाख रूपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । राजस्व बाँडफाँटबाट गाउँपालिकाले १० करोड ९१ लाख ४९ हजार रूपैयाँ प्राप्त गर्ने अनुमान गरेको छ । यसमा संघीय सरकारबाट १० करोड १२ लाख १० हजार, वन रोयल्टीबाट ६ लाख तथा प्रदेश सरकारको सवारीसाधन करबाट ७८ लाख ७९ हजार रूपैयाँ समावेश छ ।


अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत १२ करोड ३६ लाख ९१ हजार रूपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । यसमा संघीय सरकारको वित्तीय समानीकरण अनुदान ११ करोड ३४ लाख तथा प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान १ करोड २ लाख ९१ हजार रूपैयाँ रहेको छ । त्यसैगरी संघीय सशर्त कार्यक्रमअन्तर्गत २० करोड ७१ लाख रूपैयाँ विनियोजन गरिएको छ । यसमा १९ करोड ११ लाख रूपैयाँ चालुतर्फ, २८ लाख रूपैयाँ पुँजीगततर्फ, ३५ लाख रूपैयाँ समपूरक अनुदान र ९७ लाख रूपैयाँ विशेष अनुदान समावेश गरिएको छ ।

प्रदेश सशर्त कार्यक्रमतर्फ १ करोड ९१ लाख ६६ हजार रूपैयाँ प्राप्त हुने अनुमान छ । यसअन्तर्गत ५६ लाख ६६ हजार रूपैयाँ चालुतर्फ, ५५ लाख रूपैयाँ पुँजीगततर्फ र ५० लाख रूपैयाँ समपूरक अनुदानतर्फ विनियोजन गरिएको छ ।

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

खेलकुद

## फिफाले गऱ्यो एन्फालाई निलम्बन

**झापा/** विश्व फुटबलको सर्वोच्च निकाय फिफाले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई तत्काल प्रभावबाट निलम्बन गरेको छ । फिफा विधानको गम्भीर उल्लंघन भएको निष्कर्षसहित गरिएको यो निर्णयले नेपाली फुटबल इतिहासमा पहिलो पटक अन्तर्राष्ट्रिय स्तरमा यस्तो कठोर कारबाहीको सामना गर्नुपरेको हो ।

फिफा काउन्सिलको ब्युरोले सार्वजनिक गरेको विज्ञप्तिमा एन्फामाथि तेस्रो पक्षको हस्तक्षेप भएको ठहर गरिएको छ । फिफा विधानको धारा १४ को उपधारा १ (आई) र उपधारा ३ विपरीत सदस्य संघको स्वतन्त्रता र स्वायत्ततामा हस्तक्षेप भएको निष्कर्ष निकाल्दै निलम्बनको निर्णय गरिएको जनाइएको छ ।

फिफाले सदस्य राष्ट्रका फुटबल संघले आ ँनो प्रशासनिक र प्राविधिक गतिविधि स्वतन्त्र रूपमा सञ्चालन गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ । तर, एन्फाको आन्तरिक विवादमा बाह्य हस्तक्षेप भएको र त्यसले संघको स्वायत्तता कमजोर पारेको भन्दै विश्व फुटबल निकायले कडा कदम चालेको हो ।

निलम्बनसँगै नेपाली राष्ट्रिय टोली, उमेर समूहका टिम तथा एन्फासँग आबद्ध क्लबहरूले फिफा र एशियाली फुटबल महासंघ (एएफसी) अन्तर्गतका अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउन पाउने छैनन् । यसका साथै फिफाबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोग पनि प्रभावित हुने सम्भावना बढेको छ । फिफाबाट मान्यता प्राप्त नेपाली रेफ्रीहरूले समेत अन्तर्राष्ट्रिय प्रतियोगितामा जिम्मेवारी निर्वाह गर्न नपाउने अवस्था सिर्जना भएको छ ।

सन् १९५१ मा स्थापना भएको एन्फा सन् १९७२ मा फिफाको सदस्य बनेको थियो । पाँच दशकभन्दा लामो सदस्यताको इतिहासमा एन्फा पहिलो पटक निलम्बनमा परेको हो । त्यसैले यो निर्णयलाई नेपाली फुटबलका लागि एउटा कालो अध्यायका रूपमा हेरिएको छ ।

यसबीच, विश्वकप उद्घाटन समारोहमा सहभागी हुन मेक्सिको जान लागेका एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राईलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट फर्काइएको घटनालाई पनि फिफाले गम्भीर रूपमा लिएको बताइएको छ ।

राखेपको सिफारिसमा अध्यक्षसहित पदाधिकारी, सदस्य र कर्मचारी गरी २४ जनालाई विदेश जान रोक लगाइएको घटनाले अन्तर्राष्ट्रिय फुटबल निकायको चासो अझ बढाएको थियो ।

## झापामा साल्ट ट्रेडिङद्वारा मल वितरण




**दमक/** साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड र कृषि सामग्री कम्पनीको झापा शाखाले जिल्लाका सहकारी र कृषि फार्महरूमार्फत किसानलाई रासायनिक मल बिक्री गरिरहेको जनाएको छ । कर्पोरेसनको झापा शाखाका प्रमुख विष्णु न्यौपानेले चालु आर्थिक वर्ष २०८२/८३ मा कूल ७०८.५ मेट्रिक टन रासायनिक मल बिक्री वितरणका लागि ल्याइएको बताए । यसमा युरिया मल १७२.५० मेट्रिक टन, डिएपी मल २२६ मेट्रिक टन र पोटास मल ४१० मेट्रिक टन रहेको छ ।

किसानलाई सहज रूपमा मल उपलब्ध गराउन जिल्लाका १५१ कृषि सहकारी तथा कृषि फार्म छनोट गरिएको र तिनै संस्थामार्फत किसानलाई धमाधम बिक्री वितरण गरिरहेको उनले बताए । हालसम्मको विवरण अनुसार युरिया मल ४२ मेट्रिक टन, डीएपी मल ६२.३० मेट्रिक टन र पोटास मल ५.७५ मेट्रिक टन बिक्री भइसकेको उनको भनाइ छ । यसैबीच, साल्ट ट्रेडिङ कर्पोरेसनसँगै कृषि सामग्री कम्पनी लिमिटेड बिर्तामोड शाखाबाट पनि जिल्लाका १५स्थानीय तहमा मल पठाइएको जनाइएको छ । गौरादह नगरपालिका, बुद्धशान्ति गाउँपालिका र कचनकबल गाउँपालिकाका लागि कम्पनीले यसै साता ४६ मेट्रिक टन रासायनिक मल उपलब्ध गराएको जनाएको छ ।

उक्त मल सहकारी र फार्ममार्फत किसानलाई बिक्री गरिन्छ । धान रोपाइँ सुरू भएसँगै किसानलाई मुख्य रूपमा युरिया, डिएपी र पोटास मल बढी आवश्यक पर्ने गरेको छ ।

***पूर्वी......*** नेपाली विद्युतीय रिक्सा सञ्चालन हुने र नेपालतर्फको सुरूआती बिन्दुसम्म भारतीय विद्युतीय रिक्सा आउने प्रचलन थियो । तर अहिले भारतीय सीमा सुरक्षा बलले मेची पुलको बीच भागसम्म आएर नेपाली रिक्सालाई फर्काउने तथा भारतीय सवारी साधनमा पनि समान नियम लागू गर्न थालेको स्थानीयले बताएका छन् । यसबाट सीमापार यात्रु ओसारपसारमा प्रत्यक्ष असर परेको र आम्दानी घटेको भन्दै रिक्सा चालकहरु असन्तुष्ट बनेका छन् ।

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 01 | ULI1020000804 | Ajaya Niraula | Kamal - 01 |

**रेबिजबारे सचेत बनौं**

कुकुर तथा जंगली जनावरको टोकाईबाट रेबिज मानिसमा सर्न सक्छ ।
यसबाट बच्न:
- घरपालुवा जनावरलाई नियमितरुपमा रेविजविरुद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं र तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेविजविरुद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरबाट टाढा बसौं,

*रेविज लाग्न नदिन समयमा विचार पुऱ्याऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल